# gk]fn /fi^«a}s

## s]Gb|Lo sfof{no

## ljb]zL ljlgdo Joj:yfkg ljefu

इ.प्रा.परिपत्र संख्या- ५७८ मितिः २०६९/४/२४

इजाजतपत्रप्राप्त "क" र राष्ट्रियस्तरका "ख" वर्गका बैंक तथा वित्तीय संस्थाहरू ।

विषय :- विभिन्न प्रयोजनको लागि परिवर्त्य विदेशी मुद्राको सटही व्यवस्था सम्वन्धमा ।

महाशय,

तल उल्लिखित व्यक्ति, संघ, संस्था तथा इजाजतपत्र प्राप्त संस्थाहरूलाई विभिन्न प्रयोजनको लागि निम्न वमोजिम परिवर्त्य विदेशी मुद्राको सटही सुविधा बैंक/वित्तीय संस्थाहरूले प्रदान गर्न सकिने व्यवस्था गरिएकोले सोही वमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. व्यक्ति तथा संघ, संस्थाको लागि :

(क) सटही माग गर्ने व्यक्ति, संघ, संस्था नेपाली हुनुपर्नेछ ।

(ख) यस्तो सटही सुविधाको वेनिफिसियरी (Beneficiary) विदेशस्थित संघ, संस्था नै हुनुपर्नेछ । विदेशस्थित व्यक्ति विशेषलाई बेनिफिसियरी वनाउन मिल्ने छैन ।

(ग) माग भएको सटही रकमलाई पुष्टि गर्ने बीजक (Invoice) वा अन्य documentry evidence हुनुपर्नेछ ।

(घ) आवेदकको हकमा व्यक्ति भए नेपाली नागरिकताको प्रमाणपत्रको प्रलिलिपि र संघ, संस्था भए विधिवत् दर्ता भएको र नवीकरण गर्नुपर्ने भए नवीकरण समेत भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।

(ङ) यस्तो सटही सुविधा बढीमा अमेरिकी डलर १०,०००|- (अमेरिकी डलर दशहजार मात्र) सम्म ड्राफ्ट/टि.टि.को माध्यमबाट मात्र गर्नुपर्नेछ ।

(च) प्रचलित व्यवस्था अनुसार कर लाग्ने किसिमका भुक्तानी (जस्तैः रोयल्टी, कमिशन, प्राविधिक सेवा शुल्क, विज्ञापन आदि) को हकमा नियमानुसारको अग्रिम कर जम्मा गरेको प्रमाणित कागजात संलग्न गरेपछि मात्र सटही सुविधा प्रदान गर्नुपर्नेछ ।

(छ) पूँजी खाता अन्तर्गत पर्ने कारोवार (विदेशी शेयर खरीद, डिपोजिट आदि) को लागि यो सटही सुविधा प्रयोग गर्न मिल्ने छैन ।

(ज) माल वस्तु आयात गर्ने प्रयोजनको लागि यो व्यवस्था लागू नहुने हुँदा यस व्यवस्था अन्तर्गतको सटहीमा वि.वि.नि.फा.नं.४(क) जारी गर्न पर्ने छैन ।

(ञ) यो व्यवस्था अन्तर्गतको सटही सुविधाबाट भारतमा भुक्तानी गर्न मिल्ने छैन ।

२. बैंक/वित्तीय संस्थाहरूको लागि :

बैंक/वित्तीय संस्थाहरूले देहायमा उल्लेखित कार्य तथा प्रयोजनको लागि परिवर्त्य विदेशी मुद्रा भुक्तानी गर्दा यस बैंकको स्वीकृति लिनुपर्ने छैन ।

(क) बैंक/वित्तीय संस्थाहरूको आफ्नै प्रयोजनको लागि मगाउने पुस्तक, पत्र-पत्रिकाहरू ।

(ख) बैंक/वित्तीय संस्थाहरू स्वयं आवद्ध रहेको विभिन्न अन्तर्राष्ट्रिय संघ, संस्थाहरूको सदस्यता शुल्क ।

(ग) बैंक/वित्तीय संस्थाहरूको तर्फबाट तालीम, गोष्ठी, वैठक आदिमा भाग लिन जाँदा आयोजक संस्थालाई दिनुपर्ने तालीम/सहभागीता आदि शुल्क ।

(घ) बैंक/वित्तीय संस्थाहरूले प्रयोग गर्ने सञ्चार सेवाको भुक्तानी (Reuters, Bridge-News, Swift मात्र) ।

(ङ) उपरोक्त प्रयोजनको लागि गरिने विदेशी मुद्राको भुक्तानी बेनिफिसियरी संस्थाको नाउँमा मात्र पठाउनु पर्नेछ ।

(च) व्यापारिक साख सूचना (Business Credibility Information) को सेवा शुल्क भुक्तानी ।

(छ) उपरोक्त प्रयोजनका लागि बैंक/वित्तीय संस्थाहरूले विदेशी मुद्रा रकमान्तर गर्दा सो रकम पुष्टी गर्ने आवश्यक कागजात वा Invoice संलग्न हुनुपर्नेछ र प्रचलित व्यवस्था अनुरुप भुक्तानीमा कर लाग्ने भए कर बुझाएको निस्सा समेत अनिवार्यरुपले संलग्न गर्नुपर्नेछ ।

यस बैंकबाट मिति २०६३/१२/११ मा जारी इ.प्रा.परिपत्र संख्याः ३९५, मिति २०६५/९/३ मा जारी इ.प्रा. परिपत्र संख्याः ४८५ र मिति २०६६/४/१८ मा जारी इ.प्रा. परिपत्र संख्याः ५०१ खारेज गरिएको छ ।

भवदीय,

(लिलाप्रकाश सिटौला)
.कार्यकारी निर्देशक

**बोधार्थः**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि.तथा.नि.वि.महाशाखा, सिंहदरवार, काठमाण्डौ ।
४. श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
५. श्री बैंक सुपरिवेक्षण विभाग ।
६ श्री विकास बैंक, सुपरिवेक्षण विभाग ।
७. श्री वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
८. श्री आन्तरिक लेखा परीक्षण विभाग ।
९. श्री सूचना प्रविधि विभाग ।
१०. श्री नेपाल बैंकर्स संघ, हेरिटेज प्लाजा, काठमाडौ ।
११. श्री डेभलप्मेण्ट बैंकर्स एशोसियसन, अनामनगर, काठमाडौं ।
१२ श्री वित्तीय संस्था संघ, जमल, काठमाडौ ।
१३. श्री नेपाल उद्योग वाणिज्य महासंघ, मिलन मार्ग, टेकु ।
१४. श्री नेपाल उद्योग परिसंघ, मिलन मार्ग, टेकु ।
१५. श्री नेपाल मनिचेञ्जर एशोसियसन, काठमाडौं ।